# कनकासुन्दरी गाउँपालिकाको "मर्मत सम्भार कोष सन्चालन कार्यविधि, २०८०"

## परिच्छेद १ (एक)

१) संक्षिप्त नाम र प्रारम्भः

क) यस निर्देशिकाको नाम "कनकासुन्दरी गाउँपालिको मर्मत संभार कोष संञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८०" रहेको छ ।

ख) यो निर्देशिका कनकासुन्दरी गाउँपालिका गाउँकार्यापालिकाको बैठकबाट निर्णय भई स्वीकृत भएपछि लागु हुनेछ ।

२) परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क) "निर्देशिका" भन्नाले कनकासुन्दरी गाउँपालिकाले कार्यान्वयनमा ल्याएको कनकासुन्दरी गाउँपालिका "मर्मतसंभार कोष संञ्चालन तथा व्यावस्थापन निर्देशिका २०८०" लाई सम्झनु पर्छ ।

ख) "सभा" भन्नाले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार गठित कनकासुन्दरी गाउँपालिकाको गाउँसभा लाई सम्झनु पर्नेछ ।

ग) "गाउँपालिका" भन्नाले कनकासुन्दरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ) "कार्यपालिका" भन्नाले कनकासुन्दरी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ) "अध्यक्ष" भन्नाले कनकासुन्दरी गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्दछ ।

च) "उपाध्यक्ष" भन्नाले कनकासुन्दरी गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनु पर्दछ ।

छ) "वडा अध्यक्ष" भन्नाले कनकासुन्दरी गाउँपालिकाका वडाहरुका निर्वाचित वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

ज) "वडा सदस्य" भन्नाले कनकासुन्दरी गाउँपालिकाका वडाहरुका वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।

झ) "सदस्य" भन्नाले कनकासुन्दरी गाउँपालकाका गाउँकार्यपालिकाका सदस्यहरुलाई सम्झनु पर्दछ साथै यसले गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष समेतलाई जनाउने छ ।

ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ट) "स्थानिय सरकार वा स्थानीय तह" भन्नाले कनकासुन्दरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ठ) "कोष" भन्नाले कनकासुन्दरी गाउँपालिकाको मर्मत संभार कोष लाई सम्झनु पर्दछ ।

ड) "समिति" भन्नाले यसै निर्देशिका बमोजिम गठित "मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समिति " लाई सम्झनु पर्दछ ।

ढ) "कार्यदल" भन्नाले मर्मत सम्भार तथा कोष सञ्चालन तथा व्यवस्थापन समितिले गठन गरेको कार्यदललाई सम्झनु पर्दछ ।

ण) " सडक बोर्ड " भन्नाले सडक बोर्ड नेपाल लाई सम्झनु पर्दछ ।

त) " योजना तथा आयोजना " भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी वा नतोकी निर्धारित उध्येश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप लाई सम्झनु पर्दछ ।

थ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समुहले कुनै आयोजना निर्माण सन्चालन व्यवस्थापन र मर्मत संभार गर्नको लागी आफुहरु मध्येबाट निश्चित प्रकृया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शव्दले लाभग्राही समुह समेतलाई जनाउदछ ।

द) "सार्वजनिक संरचना" भन्नाले भवन, सडक तथा सडकमा रहेका कलभर्ट, ढल तथा नाला, बाँध, पैनी, कुलो, पुल, पुलेसा, ताल, तलैया, सिमसार, पोखरी, सार्वजनिक सौचालय लागयत ऐतिहाँसिक तथा पुरातात्विक महत्वका संरचना आदि समेतलाई सम्झनु पर्दछ ।

ध) "विपद्" भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपदीपुर्ण अवस्थालाई सम्झनु पर्छ र सो शव्दले कुनैपनि ठाउँमा विपदीपुर्ण अवस्था सिर्जना भइ धनजनको क्षतीको सथै जिवन यापनमा प्रतिकुल असर परि वा पारी विपदबाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुखद: तथा कष्टपूर्ण प्राकृतिक वा गैर प्राकृतिक विपद् र जलवायू परिवर्तबाट हुनसक्ने विपदीपुर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

न) "विकास साझेदार" भन्नाले नेपाल सरकार वा स्थानिय सरकार वा तह सँग प्रचलित कानुन अनुसार सम्झौता गरी वा नगरी नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने दुई पक्षिय एवं बहुपक्षिय दातृ निकाय वा संघ संस्थालाई सम्झनु पर्दछ साथै स्थानिय तहमा लागत सहभागिता गर्ने उपभोक्ताहरुलाई समेत मान्न सकिनेछ ।

न्) "भुक्तानी रकम" भन्नाले गाउँपालिका आफैले वा नेपाल सरकार अन्य निकायहरुसँग वा विकास साझेदार वा उपभोक्ता समिति वा सामुदायीक संस्थासँग लागत सहभागीता गरि वा नगरी निर्माण भएको पूर्वाधार विकासका कार्यसँग सम्बन्धित पक्षलाई गाउँपालिकाबाट दिइने भुक्तानी रकमलाई जनाउदछ ।

## परिच्छेद २ ( दुई )
## लक्ष्य तथा उदेश्य

३) निर्देशिकाको लक्ष्य: मर्मत सम्भारकोष स्थापनाको मुल लक्ष्य देहाय बमोजिम रहेको छ ।
"कनकासुन्दरी गाउँपालिको दिगो विकासमा आधारित मर्मत सम्भारका लागी बलियो र भरपर्दो स्रोत साधन र पूर्वाधार युक्त गाउँपालिकाको रुपमा निर्माण र विकास गर्ने"

४) निर्देशिकाको उदेश्य: यस निर्देशिकाको उदेश्य देहायका बमोजिम रहेका छन ।

क) आर्थिक अभावका कारण पूर्वाधारहरुको दिगोपनकालागी नियमित तथा आकस्मिक रुपमा गरिनु पर्ने मर्मत संभारको कार्य हुन नसक्ने अवस्थाको अन्त्य गर्ने ।

ख) निर्माण भएका तथा हुने पूर्वाधारयुक्त संरचनाहरुको वलियो र टिकाउपनलाई बढाउने ।

ग) मर्मत संभारको अभावमा जिर्ण हुन गई पुन: निर्माण गर्नु पर्दा हुने ठुलो धन जनको लागतमा कमि ल्याउने ।

घ) निर्माण भएका तथा हुने संरचनायुक्त पुर्वाधारहरुको नियमित मर्मत संभार गर्ने साथै मर्मत संभारको अभावमा हुने दुर्घटनामा कमि ल्याउने ।

ङ) गाउँपालिकाको योजना शाखा तथा प्राविधिकहरु, उपभोक्ता समिति, निर्माण व्यवसायी तथा उपभोक्ता र नागरिक समाज समेतलाई जिम्मेवार बनाउने ।

च) सबै सरोकारवालाको अपनत्वको विकास गर्ने ।

छ) कनकासुन्दरी गाउँपालिकालाई मर्मत संभारको हिसावले सवल र सक्षम गाउँपालिकाको रुपमा विकास र विस्तार गर्ने

परिच्छेद ३ (तिन)

मर्मत सम्भारकोष

५) मर्मत सम्भार कोषको स्थापना र व्यवस्थापन

निर्माण भएका र हुने संरचनायुक्त भौतिक पूर्वाधारहरुको नियमित मर्मत सम्भार संरचनाहरुको दिगोपना बढ्ने र निर्माण लागतमा कमि आउने एक महत्वपुर्ण पक्ष हो । यसरी संरचनायुक्त भौतिक पूर्वाधाकरहरुको नियमित मर्मत सम्भारका लागी आर्थिक लगायतका स्रोत र साधनको दिगो र भरपर्दो व्यवस्थापन गर्न अनिवार्य छ । कनकासुन्दरी गाउँपालिका भर्खरै संरचित र व्यवस्थित भएको गाउँपालिका भएको कारण स्रोत र साधनको हिसावले बलियो बन्न सकेको छैन । विद्यमान सिमित स्रोत र साधनका कारण एकातर्फ आन्तरिक आम्दानी बाट एकै पटक मर्मत संम्भारका लागी ठुलो रकम खर्च गर्न सक्ने अवस्था छैन भने अर्को तर्फ विकास साझेदार साथै संघिय तथा प्रदेश सरकार बाट नियमित रुपमा प्राप्त हुने रकमको समेत सुनिश्चित भएको अवस्था छैन । यस परिवेशमा मर्मत संभारका लागी आवश्यक स्रोत र साधनलाई दिगो, भरपर्दो र वलियो बनाउन अनिवार्य छ ।कनकासुन्दरी गाउँपालिकामा निर्माण भएका तथा हुने सबै खाले संरचनायुक्त भौतिक पुर्वाधारहरुको नियमित मर्मत सम्भार गर्न, विपतिको अवस्थामा समेत पूर्वाधारहरुको दिगोपनालाई सुरक्षित राख्न सहज होस तथा कनकासुन्दरी गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरुलाई सुरक्षित राख्न सकियोस भन्ने अभिप्रायले स्थानिय सरकार सन्चालन ऐनको परिच्छेद १० दफा ७० मा भएको व्यवस्थाको अधिनमा रहि यो मर्मत सम्भार कोषको स्थापना गरिएको छ ।

(१) कोषमा जम्मा हुने रकम: मर्मत सम्भार कोषलाई मजभुत, भरपर्दो र विश्वासिलो बनाउनु दिगो विकासको प्रमुख आधार मात्र नभएर गाउँपालिकाबासी लगायत सबै सरोकारवालहरुको अहम कर्तव्य र जिम्मेवारी समेत हो । आगामी ५ वर्ष भित्र यस गाउँपालिकालाई मर्मत सम्भारको हिसावले सक्षम बनाउने उदघोषका साथ कनकासुन्दरी गाउँपालिकाले स्थापित गरेको मर्मत सम्भार कोषमा देहाय बमोजिमको रकम जम्मा हुने व्यवस्था गरिएको छ ।

क) नेपाल सरकार (संघिय सरकार तथा प्रदेश सरकार) बाट मर्मत संभारकालगी प्राप्त हुने रकम

ख) कनकासुन्दरी गाउँपालिकाबाट मर्मत सम्भारको लागी विनयोजित रकम

ग) कनकासुन्दरी गाउँपालिकाबाट पूर्वाधार संरचनाको निर्माण लागतको भुक्तानीमा निम्नानुसार मर्मत सम्भारका लागी कट्टा हुने रकम :

१. उपभोक्ता समिति द्धारा संचालन भएका भौतिक पूर्वाधारयुक्त आयोजनाहरुको हकमा कुल कार्यसम्पादन रकमको २ प्रतिशतले हुने रकम

(२) मर्मत कोषको खाता सन्चालन तथा व्यवस्थापन देहाय बमोजिम हुनेछ

क) कोषको खाता सन्चालानको लागी कनकासुन्दरी गाउँपालिकाले यस कोषको नाममा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त क ख वा ग वर्ग बैङ्कहरु मध्ये कुनै एकमा छुट्टै बैक खाता खोली सन्चालनमा ल्याउनेछ ।

ख) कोषको खाता स्थानिय सरकार सन्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम कनकासुन्दरी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सन्चालन हुनेछ तर प्रचलित कानुन बमोजिम स्थापना भएको कोषको खाताको सन्चालन सम्बन्धमा अधिकार प्रत्यायोजन गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।

ग) कोषको खाता सन्चालन तथा व्यवस्थापन कनकासुन्दरी गाउँपालिका आर्थिक कार्यविधि तथा प्रचलित कानून बमोजिम हुनेछ ।

घ) खाता सन्चालन तथा व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था समितिको सिफारिसमा गाउँ कार्यपालकाको निर्धारण गरे बमोजिम हुनेछ ।

ङ) बजेट रोक्का वा नियन्त्रण गर्न सक्ने: अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको आर्थिक स्थिति तथा कोषको अवस्थालाई मध्यनजर गरी बिनियोजित रकममा आवश्यकता अनुसार गाउँपालिकाको पुर्ण वा आशिकरुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

च) रकमान्तर तथा श्रोतान्तर गाउँसभाले स्वीकृत गरेको कुनै एक कार्यक्रमको बजेट उप शिर्षक अन्तर्गतको खर्च शिर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै एक वा एक भन्दा बढि शिर्षकमा बचत हुने रकमबाट २५ प्रतिशतमा नबढने गरि गाउँ कार्यपालिकाले रकमान्तर गर्न सक्नेछ । तर पुजिगत शिर्षकबाट चालू शिर्षकमा रकमान्तर गर्न सकिनेछैन ।

छ) यस निर्देशिका बमोजिम लेखा राखे नराखेको लेख दाखिला गरे नगरेको र लेखापरिक्षण गराए नगराएको सम्बन्धमा समय समयमा जाँच निरिक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

ज) कोषको आन्तरिक तथा अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ४ ( चार )

## कोषको प्रयोग र खर्च सम्बन्धि व्यवस्था

६) कोषको प्रयोग खर्चका लागी संरचनाको छनौट र क्षेत्रधिकार

(१) मर्मत सम्भारको लागी सार्वजनिक संरचनाको छनौट

कनकसुन्दरी गाउँपालिकाको अद्यावधिक अभिलेख र उपभोक्ताबाट मर्मत सम्भारका लागी गाउँस्तरिय बार्षिक मर्मत संभार योजनामा समाबेश गर्न भनि माग भई आएका आयोजनाहरु मध्ये छनौट गर्दा देहायका आधारमा मर्मत सम्भारका लागी सबैभन्दा बढी आवश्यक र उपयुक्त देखिएका आयोजनालाई पहिलो प्रथामिकता दिने गरि छनौट गर्नु पर्नेछ ।

क) गाउँपालिका यातायात गुरुयोजनामा परेका सडकहरु,

ख) गाउँपालिकाले तोकेको वस्ति विकास एवं ग्रामिण विकास तथा स्थानिय बजार विकास योजना मापदण्डमा परेका एवं सो अनुरुप सडकको क्षेत्राधिकार तोकिएका सडकहरु,

ग) तत्कालै मर्मत कार्य नगर्दा ठुलो जनधनको क्षती हुने संरचना,

घ) गरिव, विपन्न, सीमान्तकृत तथा लक्षित समुदायको पहुँच स्थापित गर्न सहयोग पुर्याउने संरचनाहरु

ङ) बालमैत्री, अपाङ्गमैत्री तथा बालबालिका तथा अपाङ्गता भएकाहरुलाई मुलप्रबाहमा प्रबाहिकारण गर्न सहयोग पुग्ने संरचनाहरु

च) कृषि तथा औद्योगिक प्रवर्धन, स्वास्थ्य सेवाको प्रवाह साथै वातावरण मैत्री गाउँपालिका निर्माणको प्रवद्धनको लागी सहयोग पुग्ने संरचनाहरु

छ) गाउँ र सहरको अन्तरसम्बन्धलाई जोडने पुर्वाधारमा आधारित संरचनाहरु

ज) गाउँ कार्यपालिकाले तथा गाउँसभाले अति महत्वपुर्ण भनि किटान गरेका संरचनाहरु

झ) नेपाल सरकार लगायतका दाता वा विकास साझेदारबाट शसर्त अनुदानमा मर्मत सम्भारकालागी छनौट भएका संरचनाहरु

ञ) उपभोक्ताले ५० प्रतिशत भन्दा बढी लागत सहभागीता गर्ने गरि मर्मत सम्भारका लागी माग गरेका संरचनाहरु

ट) प्राकृतिक तथा गैर प्राकृतिक विपती बाट क्षति ग्रस्त भएका संरचनाहरु

(२) कोषबाट खर्च गरिने क्षेत्रहरु

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम माथी उल्लेखित पुर्वाधार युक्त संरचनाहरुको छनौटका आधारमा मर्मत सम्भारकालागी देहाय बमोजिमका क्षेत्रमा मात्र खर्च गर्न पाइनेछ ।

२.१ नियमित मर्मत सम्भार ( सडक, ढल तथा नाला) नियमित मर्मत सम्भारमा देहायका क्षेत्र तथा विषयहरु समाबेश हुने छन ।

क) नियमित रुपमा गर्नुपर्ने सडक, ढल तथा नालाको मर्मत सम्भार

ख) सडक किनाराको ढल तथा नालाको मर्मत तथा सम्भार गर्नु पर्दा कारणवस सडकका किनाराका ढल तथा नालाको सफाई गर्नु पर्ने भए लागत अनुमानमानै समावेश गरेर सफाई समेत गर्न सकिनेछ ।

ग) सडकमा खसेको माटो ढुङगा हटाउने ।

घ) सडक, ढल तथा नालालाई असर गर्न सक्ने सडक नजिकैको घाँस तथा रुखको हाँगा काटने

ङ) सामान्य खालको पहिरो तथा भुस्खलन हटाउने

च) पुल तथा कलभर्टकव मर्मत तथा सफाई गर्ने

छ) ग्रामिण सौन्दर्य अभिबृद्धि गर्ने अन्य सार्वजनिक संरचना मर्मत गर्ने

ज) नेपाल सरकार लगायत मातहतका निकाय र कार्यालय साथै विकास साझेदार सँगको साझेदारीमा गरिने मर्मत सम्भार सम्बन्धि कार्यहरु

२.२ पटके मर्मत सम्भार (सडक, ढल तथा नाला) पटके मर्मत सम्भार देहायका क्षेत्र तथा विषयहरु समावेश हुनेछन :

क) माटे सडकमा सवारी साधनको चक्काले बनाएको खाल्डा खुल्डी पुर्ने

ख) क्याम्वर मिलाउने

ग) ग्राबेल सडक तथा कच्ची नालीको मर्मत गर्ने

घ) सडकको सतहको खाल्डो पुर्ने तथा सडक किनारा मिलाउने कार्य गर्ने

ङ) कल्भर्ट पुलको प्यारापिट पर्खाल रेलिङ रिटेनिङ्ग वाल मर्मत गर्ने

च) वायो इन्जिनियरिङ गर्ने

छ) नदी तथा ताल तलैया संरक्षण गर्ने गराउने

ज) ढलको कभर बदल्ने एवं मर्मत गर्ने

झ) ठुलो पहिरो र भुस्खलन हटाउने तथा मिलाउने

२.३ गाउँपालिका तथा वडा कार्यालयका कार्यालय भवन तथा यीनका कम्पाउन्ड पर्खाल, सार्वजनिक महत्वका सामुदायीक भवन, सभाहल, अस्पताल, स्वास्थ्य केन्द्र, विद्यालय, शित भण्डार, वसपार्क तथा पार्कीङ स्थलहरु, रंगशाला, धार्मिक स्थल लगाएतका मठ मन्दिर, तटबन्धन, कुलो, पैनी लगाएतका सिचाईका पुर्वाधारहरु

२.४ आकस्मिक मर्मत सम्भारः प्राकृतिक प्रकोप ( भुकम्प, बाढी पहिरो, नदि तथा खोला कटान, हावाहुरी, चटयाङ, विधुत सट, आगलागी लगायत ) तथा विपदबाट भएको सार्वजनिक संरचनाको क्षतिको मर्मत सम्भार गर्ने र भग्नावशेष व्यवस्थापन गर्ने

२.५ बन्द हटताल , हुलदंगा, लडाइ झगडा, युद्ध लागायतबाट सार्वजनिक संरचनामा भएको क्षतिको मर्मत सम्भार गर्ने

२.६ गाउँकार्यपालिकाको निर्णयअनुसार सार्वजनिक संरचनाहरुको विमा गर्ने

परिच्छेद ५ पाँच

मर्मत सम्भार कोष सन्चालन तथा व्यवस्थापन समितिको संरचना साथै काम, कर्तव्य र अधिकार

७) समिति र समितिको संरचना

(१) स्थानिय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा १४ मा गाउँ कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यक्ता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ भन्ने भएको व्यवस्था बमोजिम कनकासुन्दरी गाउँपालिकामा मर्मत सभ्भार सम्बन्धि आवश्यक निति निर्माण र कार्यान्वयनमा सहयोग प्रदान गर्नको लागी बढिमा ९ सदस्यिय "कनकसुन्दरी गाउँपालिका मर्मत सम्भार कोष सन्चालन तथा व्यवस्थापन समिति" को गठन गरिनेछ साथै उक्त समितिको संरचना देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिका अध्यक्ष — संयोजक

ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

ग) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) गाउँकार्यपालिकाले वडा अध्यक्ष मध्य तोकेको ८ जना वडाध्यक्ष — सदस्य

ङ) गाउँ कार्यपालिकाले महिला सदस्य मध्यबाट तोकेको २ जना महिला सदस्य — सदस्य

च) आर्थिक प्रशासन शाखा — सदस्य

छ) प्राविधिक शाखा प्रमुख — सदस्य सचिव

(२) समितिका सदस्यहरुको पदावधी समाप्ति सम्बन्धमा

क) गाउँपालिकाको पदावधि समाप्त भएमा वा गाउँ कार्यपालिकाको सदस्य नरहेमा

ख) गाउँपालिकाबाट अवकास लिएमा

ग) गाउँपालिकाको पदाधिकारीको हैसियतमा दिएको राजिनामा स्वीकृत भएमा

घ) यस समितिबाट राजिनामा दिएमा

ङ) कुनै प्रकारको फौजदारी तथा भष्टाचार सम्बन्धि अभियोग लागेमा वा प्रमाणित भएमा

(३) समितिका सदस्यहरुको मनोनयन तथा हेरफेर सम्बन्धि व्यवस्था

क) यस निर्देशिकामा उल्लेख भए बमोजिमका गाउँकार्यपालिकाले मनोनित गर्ने भनि तोकिएका समितिका सदस्यहरु मध्ये आवश्यकता र कार्यकुसलताको आधारमा समितिका संयोजकको सिफारिसमा कुनै एक वा एक भन्दा बढी सदस्यहरु गाउँकार्यपालिकाले निर्णय गरि समय समयमा हेरफेर गर्न सक्नेछ ।

ख) यस समितिमा पदेन सदस्य रहने व्यवस्था भएकोमा परिच्छेद ५ को दफा ७.२ बमोजिमका कारण उक्त पद रिक्त हुन गएमा उक्त स्थानमा गाउँकार्यपालिकाको अर्को व्यवस्था नहुन्जेल सम्मका लागी गाउँकार्यपालिकाका कुनै पनि सदस्यलाई पदिय श्रेष्ठताका आधारमा नियुक्त वा मनोनयन गर्न सक्नेछ ।

८) मर्मत सम्भार कोष सन्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

कनकासुन्दरी गाउँपालका मर्मत सम्भार कोष सन्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक संरचनाहरुको लगत अध्यावधिक गर्ने तथा राख्ने

ख) गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक सरचनाको मर्मतको लागी प्रथामिकता तोकी एकिकृत वार्षिक मर्मत सम्भार योजना तर्जुमा गर्ने

ग) मर्मत सम्भार कोषलाई मजबुद, दिगो र भरपर्दो बनाउन स्रोत साधनहरुको पहिचान तथा व्यवस्थापन गर्ने

घ) मर्मत सम्भार कार्यलाई दिगो, भरपर्दो र वातावरण मैत्री बनाउन निर्माण तथा मर्मत सम्भार मापदण्ड निर्धारण गर्ने साथै सम्भाव्य सबै उपायहरुको खोजी गर्ने

ङ) स्थानिय श्रोत तथा साधन ( आर्थिक, भौतिक तथा मानविय ) को लागी अधिकतम प्रयोग गर्ने सकिने गरि मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण एवं जनसहभागीता अभिबृद्धि गर्ने किसिमले कार्य योजना बनाउने

च) नेपाल सरकार , सडक बोर्ड नेपाल लागयत संभावित सबै साझेदारबाट प्राप्त हुने रकमका सन्दर्भमा प्रचलित कानुन बमोजिम हुने गरि योजना छनौट गर्ने

छ) विपद बाट भएका क्षतिको एकिन गरि तत्काल गर्नु पर्ने काम गर्न सकिने उपायहरु र साझेदार निकायहरुको पहिचान गरि गाउँपालकामा पेश गर्ने

ज) आपतकालिन अवस्थामा पूर्वाधार मर्मत गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक सहयोग गर्ने

झ) मर्मत सम्भार सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गरि गाउँपालिकालाई सल्लाह सुझाव दिने

ञ) मर्मत सम्भार गर्नु पर्ने सडक लागायतका सबै खाले सार्वजनिक संरचनाका बारेमा विकास साझेदारहरुसँग समन्वय गरी साझेदारीकालागी पहल गर्ने

ट) योजना तथा आयोजनाहरु बाट सेवा प्राप्त गर्ने लाभग्राहीहरुबाट सेवा शुल्क संकलन गर्ने वातावरण सृजना गरी मर्मत सम्भार व्यवस्थापन गर्न सहजिकरण गर्नर्

९) कार्यदल सम्बन्धि व्यवस्था

यस समितिले आफ्नो कामलाई छिटो छरीतो र व्यवस्थित पार्न तथा आपतकालिन अवस्थामा समेत कार्य सम्पादनलाई सहज र प्रभावकारी बनाउन यस समितिका सदस्य मध्येबाट समितिका संयोंजकको अध्यक्षतामा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरि समिति स्वयमले बढिमा ५ सदस्यीय कार्यदल गठन गर्न सक्नेछ ।यस कार्यदलमा भौतिक पूर्वाधारहरुको मर्मत सम्भार गर्नु पर्ने वडाका वडाध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागी गराउनु पर्नेछ ।

(१) कार्यदलको काम कर्तव्य र अधिकार

क) समितिको बैठकमा लैजाने विषय वस्तुको निर्धारण गर्ने तथा प्रस्ताव तयार गर्ने

ख) समितिको बैठकमा लागेका विषय बस्तुको बारेमा समितिलाई स्पष्ट पार्ने

ग) समितिले गरेका निर्णयहरु कार्यन्वयन गर्ने र गराउने

घ) आपतकालिन अवस्था सृजना भएको अवस्थामा समितिको बैठक तत्काल बस्न सक्ने अवस्था नरहेमा समितिको बैठक नबस्दाका बखत सम्म समितिले गर्ने सम्पूर्ण कार्यहरु गर्ने

ङ) कार्यदलले गरेका कार्यहरुलाई समितिको बैठकमा अनुमोदनका लागी पेश गर्ने

च) समितिले दिएका निर्देशन पूर्ण रुपमा पालना गर्ने

(२) कार्य दलको बैठक सम्बन्धि व्यवस्था

क) कार्यदलको बैठक आवश्यकता अनुसार जुनसुकै बेला बस्न सक्नेछ

ख) समितिको बैठक बस्नु भन्दा अगाडी समितिमा लैजाने विषय वस्तु तयारी र निर्धारणका लागी कार्यदलको बैठक बस्नेछ

ग) कार्यदलको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ

घ) बैठक सन्चालन सम्बन्धि अन्य व्यवस्था परिच्छेद ५ को दफा ११ को १ मा भएको व्यवस्था बमोजिम हुनेछ

## परिच्छेद ६ (छ)

## समितिको बैठक सन्चालन सम्बन्धि व्यवस्था

१०) समितिको बैठक सन्चालन तथा सेवा सुविधा सम्बन्धि जानकारी

(१) समितिको बैठक सन्चालन सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ

क) समितिको बैठक कम्तिमा २ मिहिनाको १ पटक बस्नेछ र आवश्यकता अनुसार जतिसुकै पटक पनि बस्न सक्नेछ ।

ख) समितिको बैठकमा समितिको संयोजक तथा सदस्यहरु स्वंयम उपस्थित हुनु पर्नेछ तथा समितिको बैठक समितिका संयोजकको अध्यक्षतामा बस्नेछ । अध्यक्ष नभएको अवस्थामा समितिको बैठक यस समितिका सदस्य गाउँपालिकाका उपाध्यक्ष र उपाध्यक्ष समेत नभएको अवस्थामा समितिका जेष्ठ सदस्यको संयोजकत्वमा संन्चालन हुनेछ ।

ग) सदस्यहरुको कुल संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु नभएमा गणपुरक संख्या पुगेको मानिने छैन । तर उल्लेखित संख्यामा सदस्यहरु उपस्थित नभएको कारणबाट बैठक बस्न नसकेमा कम्तिमा दुई दिनको समयमा उपलब्ध गराई बैठक बोलाउन सकिनेछ भने विशेष परिस्थिती उत्पन्न भएको अवस्थामा २४ घण्टाको सूचना दिइ पुन: बैठक बोलाउन सकिनेछ । यसरी दोस्रो पटक बैठक बोलाएको बैठकमा समेत गणपुरक संख्या नपुगे पुन २४ घण्टाको समायवधि दिइ बैठक बोलाउन सिकनेछ साथै बैठकमा जम्मा सदस्यको एक तिहाई सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

घ) समितिको बैठकमा बहुमतको निर्णय मान्ने हुनेछ र मत बरावर भएमा बैठकको अध्यक्षता गर्ने अध्यक्षले निर्णायक मत दिन सक्नेछ । तर समितिको बैठकमा आफ्नो निजि सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफल तथा निर्णयमा अध्यक्ष वा कुनै सदस्यले भाग लिन वा मतदान गर्न पाउने छैन ।

ङ) बैठकमा छलफलको निमित्त तोकिएको विषयमा क्रमवद्ध रुपमा छलफल गरि निर्णय गर्नु पर्नेछ कुनै विषयमा समय अभावले तोकिएको विषयमा छलफल हुन नसकेमा त्यसपछि बस्ने अर्को बैठकमा त्यस्तो विषयमा छलफल तथा निर्णय नगरी बैठकका अन्य विषयमा प्रबेश गर्न पाइने छैन ।

च) समितिको बैठक सन्चालन सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

छ) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ । तर कुल सदस्य संख्याको एक तिहाई सदस्यले बैठकमा छलफल गर्नुपर्ने विषय खोली समितिको बैठक बोलाउन अध्यक्ष समक्ष माग गरेमा त्यस्तो लिखित माग प्राप्त भएको सात कार्य दिन भित्र संयोजकले बैठक बोलाउने व्यवस्था गर्नु पर्नेछ । उल्लेखित अवधि भित्र समितिको बैठक नबोलाएको त्यस्तो माग गर्ने सदस्यहरु आफैले समितिको बैठक बोलाउन सक्नेछ ।

ज) समितिको कुनै पनि सदस्य विना कारण समितिको बैठकमा अनुपस्थित हुन पाइने छैन । मनासिव कारण बेगर तथा विना सूचना समितिको बैठकमा लगातार ३ पटक सम्म अनुपस्थित रहेमा वा भएमा त्यस्ता सदस्यको समितिको सदस्यका हैसियतले कायम रहेको यस समितिको पद स्वत: समाप्त भएको मानिनेछ ।

झ) बैठक सुरु हुन भन्दा १५ मिनेट ढिलो उपस्थित हुने कुनै पनि सदस्यलाई संयोजकको निर्देशन भएमा बाहेकको हकमा बैठकमा उपस्थित गराउन पाइने छैन ।

(२) यस निर्देशिकामा उल्लेख भएको कार्यविधि परिमार्जन वा अध्यावधिक गर्नु परेमा समितिको प्रचलित कानुनको अधिनमा रहि गाउँकार्यपालिकाको बार्षिक निति तथा कार्यक्रम समेतलाई आधारमानी यस निर्देशिकामा उल्लेखित भएको आफ्नो कार्यविधि परिमार्जन गरी वा अध्यावधीक गरि गाउँ भनी कार्यपालिकामा पेश गर्नेछ । उक्त कार्यविधि गाउँ कार्यपालिकाले पारित गरे पछि लागु हुनेछ ।

(३) समितिका सदस्यको बैठक भत्ता प्रचलित ऐन तथा नियमानुसार गाउँकार्यपालिको सिफारिसमा गाउँसभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(४) बैठकमा आवश्यकता अनुसार विशेषज्ञ, विषय विज्ञ वा सरोकारवालालाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(५) यस निर्देशिकामा उल्लेख भए बाहेकको हकमा बैठक सन्चालन कार्यविधि सम्बन्धि आचारसंहिता समिति आफैले निर्धारण गर्नु पर्नेछ ।

## परिच्छेद ७ (सात)
## विविध

११) मर्मत संभार कार्य गर्ने गराउने व्यवस्था:

कनकासुन्दरी गाउँपालिकाले मर्मत सम्भार कार्य गर्दा गराउदा स्थानिय सरकार सन्चालन ऐन २०७४ तथा यस सँग सम्बन्धित नियमावली सार्वजनिक खरिद ऐन, २०६३ , सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित स्थानिय कानुन र अन्य प्रचलित कानुन बमोजिम आवश्यक प्रकृया पुरा गरि गर्नु

पर्ने छ ।सार्वजनिक संरचनाको मर्मत सम्भार कार्यमा जनसहभागिता प्रर्वद्धनलाई उच्च प्राथमिकता दिईने छ ।

१२) अनुगमन तथा मुल्याङ्कन

क) यो निर्देशिका अनुसार गरिएका सम्पुर्ण कामकारबाहीहरुको अनुगमन तथा मुल्याङ्कन गाउँकार्यपालिकाले गर्नेछ ।

ख) अनुगमन तथा मुल्याङ्कन समितिले यो निर्देशिका अनुसार संन्चालित कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन गरि बस्तुगत अवस्थाका बारेमा चौमासिक रुपमा वा गाउँकार्यपालिकाले तोकेको समय सिमा भित्र प्रतिबेदन समेत तयार गरि गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

ग) यसरी गाउँ कार्यपालिकामा पेश भएका प्रतिबेदनहरु सभाबाट स्वीकृत गराउनु पर्ने भएमा गाउँ कार्यपालिकाले गाउँसभामा स्वीकृतिका लागी पेश गर्नु पर्नेछ ।

१३) संसोधन तथा परिमार्जन:

"कनकासुन्दरी गाउँपालिका मर्मत सम्भार कोष सन्चालन तथा व्यवस्थापन निर्देशिका" लाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक संसोधन परिमार्जन गर्नु परेमा समितिको सिफारिस तथा गाउँकार्यपालिकाको निर्णय बमोजिम गाउँसभाबाट आवश्यकता अनुसार संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

१४) प्रचलित कानुन बमोजिम हुने:

यस निर्देशिकामा उल्लेख भएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१५) अमान्य वा निष्कृय हुने:

यस निर्देशिकामा उल्लेख भएका विषयहरु स्थानिय सरकार सन्चालन ऐन, २०७४ स्थानिय सरकार सन्चालन नियमावली स्थानिय तह वा सरकार आर्थिक प्रशासन नियमावली तथा अव बन्ने प्रदेश कानून लगायतका प्रचलित ऐन तथा नियमावलीको दफा र नियमसँग बाँझिएमा बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ ।